# गाउँ कार्यपालिकाको कार्यालय

**गढवा , दाङ**

**५ नं. प्रदेश नेपाल**

फोन नम्बर ०८२-४१०००४

Website . www.gadhawamun.gov.np

बोलपत्र आह्वान सम्बन्धी सुचना !!!

प्रथम पटक प्रकाशित मिति :२०७५।०१।१४

यस कार्यालयको लागि चालु आ.व. २०७४।०७५ मा देहाय बमोजिमका खरिद कार्य गराउनु पर्ने भएकाले इजाजत प्राप्त इच्छुक फर्मबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको बोलपत्र आह्वान गरिन्छ ।

शर्तहरु :

१. बोलपत्र फाराम दस्तुर वापत तल उल्लेखित रकमको नगदी रसिद सहित अद्यावधिक नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७३।०७४ को आयकर चुक्ता प्रमाणित प्रतिलिपि को पत्र सहितको कागजात संलग्न भएको निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम मिति २०७५।०२।१३ गते सम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ र मिति २०७५।०२।१४ गते दिनका १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र फाराम दर्ता गरिसक्नु पर्नेछ र दर्ता भएको बोलपत्रहरु सोही दिन दिनको २:०० बजे नियममा व्यवस्था भए बमोजिमको कार्यालयको प्रतिनिधिहरु तथा निर्माण व्यवसायीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता तथा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने वा पेश गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट तोकिएको समयभित्र खरिद गर्न र पेश गर्न सकिनेछ ।

४. बोलपत्रदाताले जमानत वापतको रकम एन आई सि. एसिया बैंक लिमिटेड लमहीस्थित गढवा गाउँकार्यपालिकाको कार्यालय, गढवा दाङको नाममा रहेको घरौटी खाता ५१४१४९८८२४५२४००३ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारबाट स्वीकृती प्राप्त वाणिज्य बैक बाट सो रकम बराबरको गढवा गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङका नाममा जारी गरिएको बोलपत्रको हकमा कम्तिमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (वीडवण्ड) पेश गर्नुपर्नेछ ।

५. बोलपत्रको दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट उल्लेख गरी पेश गर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्र पेश गर्दा खाम बाहिर बोलपत्र दाताको नाम, ठेगाना, कुन कामका लागि बोलपत्र पेश गर्ने हो सो कामको नाम, फर्मको छाप र ठेक्का नं. भए सो समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

७. शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन ।

८. बोलपत्र पुर्ण स्वीकृत गर्ने वा नगर्ने, आशिंक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र दाताले बोलपत्र खाममा सिलवन्दी गरी पेश गनूपर्नेछ ।

१०. रित नपुगी र म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही हुने छैन ।

११. अन्य कुराहरु प्रचलित नियम अनुसार हुने छ ।

## तपशिल

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | इष्टिमेट रकम रु. (मुअ.कर बाहेक | जमानत वापतको रकम, रु. | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्माण तर्फ १२/०७४/०७५ | कोइलावास खोला पक्की पुल देखि उत्तर तर्फ तटबन्धन निर्मार्ण कार्य गढवा ८ दाङ | १९,४८,२०९।५१ | ५८,०००।- | ३०००।- | |
| २ | निर्माण तर्फ १३/०७४/०७५ | कबल सटर निर्माण कार्य गढवा - ६ , दाङ | ६५,९३,२५४।५६ | १,९५,०००।- | ३०००।- | |

नेवबहादुर वली

प्रमुख प्रशासकीय अधिकृत